# सुनकोशी गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१२।२३ गते

खण्ड : ६ संख्या : १२ राजपत्रमा प्रकाशित मिति : २०७९।१२।२३ गते

## भाग : २

## सुनकोशी गाउँपालीका

**गाउँकार्यपालिकाको कार्यालय**

**सिन्धुली जिल्ला**

**बागमती प्रदेश, नेपाल**

## सुनकोशी गाउँपालिकाको बालविवाह विरुद्ध कार्यकम संचालन कार्यविधि २०७९

**प्रस्तावना :** सुनकोशी गाउँपालिकामा रहेको वालविवाह जस्ता कुप्रथा र अपराधको अन्त्य गर्ने कार्यकमहरु संचालन गन सम्वन्धी कार्यविधि, २०७९ प्रशासकिय कार्यविधि ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बालविवाह विरुद्ध कार्यकम संचालन कार्यविधि_जारी गरेको छ ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "बालविवाह विरुद्ध कार्यक्रम संचालन कार्यविधि २०७९" रहेको छ।

(ख) यो कार्यविधि सुनकोशी गाउँपालिका स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) " स्थानीय तहको वालअधिकार समिति" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ।

(ख) "मन्त्रालय " भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ।

(ग) "राष्ट्रिय वालअधिकार परिषद" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ।

(घ) "वालकल्याण अधिकारी" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ।

(ङ) "वालविवाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ।

(च) "विभाग " भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ।

(छ) "स्थानीय तह" भन्नाले सुनकोशी गाउँपालिका ( सम्झनुपर्दछ।

## परिच्छेद २

३. कार्यविधिको उद्देश्य:

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा वाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

२. बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

३. बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

५.बालविवाह अन्त्य सम्वन्धि रणनीति तयार गर्ने ।

४. कार्यक्रम संचालन :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा वालक, किशोर तथा पुरुषहरूको सचेतना अभिवृद्धि गर्ने कार्यकमहरु संचालन गर्ने ।

२. वालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्ने बालक्लव र समुदायका वालवालिकाहरुकोबालकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. वालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागिशिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने।

४. बालविवाह विरुद्ध सामुदायिकस्तरमा वाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यकमहरु संचालन गर्ने ।

५. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी वालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यकम संचालन गर्ने ।

६. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा वालक , किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यकमहरु संचालन गर्ने ।

७.वालविवाह अन्त्य सम्वन्धि श्रव्य-दृष्य विज्ञापन, सामाग्री उत्पादन तथा प्रसारण, होडिङ वोर्ड,पोष्टर, पम्प्लेट, ब्रोसर जस्ता सचेतनामूलक सामग्री उत्पादन तथा वितरण गर्ने ।

८.वालविवाह तथा वालवालिका माथि हुने हिंसाको घटनाको व्यवस्थापन गर्ने ।

९.वालविवाह विरुद्ध सरकारी ,गैरसरकारी , निजी संघ संस्थाहरु र परिवार सँग समन्वय गरी वालक्लव र समुदायका वालवालिकाहरुको विकास गर्ने ।

१०.संघ तथा प्रदेश सरकारवाट वालविवाह अन्त्य सम्वन्धि आएका कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

### ५. खर्च र लेखापरीक्षण:

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ ।

### ६. प्रतिवेदन पेश गर्नुपर्ने :

वालविवाह तथा वालवालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यकमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद : ४

### ७. विविध:

वालविवाह तथा वालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यकम संचालन गर्दा वालविबाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

आज्ञाले
अर्जुन दर्जी
प्रमुख प्रशासकिय अधिकृत